ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

## केन्द्रीय कार्यकारिणी समिति बैठक

१०, ११ र १२ मंसीर, २०७३ । विराटनगर, मोरङ्ग

**प्रस्ताव क्रमाङ्क-१**

**"राष्ट्रिय महत्वका शिक्षानीतिप्रति गम्भीर बन ।"**

शिक्षाको उद्देश्य व्यक्तिको सर्वाङ्गीण विकास गर्दै उसमा राष्ट्रिय चरित्र र दृष्टिकोणको निर्माण गर्नु हो । शिक्षाले व्यक्तिलाई देशको इतिहासप्रति गर्व गर्न सक्ने बनाउनु पर्दछ, शिक्षाले मावनलाई देशको भूगोल, संस्कृति र सभ्यताप्रति जागरुक बनाउँदै सामाजिक एवं राष्ट्रिय भावना जागृत गर्न सक्नु पर्दछ, शिक्षाले व्यक्तिलाई मानवीय मूल्य मान्यता, सामाजिक उत्तरदायित्व, नागरिक कर्तव्य र जिम्मेवारीको बोध गराउँदै सामाजिक संवेदनाको विकासका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ । शिक्षाले युवालाई आत्मजागरुक बनाउँदै उनीहरुमा रचनात्मक दृष्टिकोणको विकास गराउनु पर्दछ । वर्तमान समयमा शिक्षाका यी र यस्तै उद्देश्यहरुको अभाव र आवश्यकताको अनुभूति देशको शिक्षाक्षेत्रमा महशुस गरिएको छ । तसर्थ देशको वर्तमान शैक्षिक अवस्थालाई सुदृढ गर्दै राष्ट्र निर्माणका लागि आवश्यक जनशक्ति निर्माणमा शिक्षाक्षेत्रमा आवश्यक सुधारका लागि निम्नलिखित विषयप्रति गम्भीर बन्दै कार्यान्वयनको दिशामा अग्रसर हुनका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक शिक्षामन्त्रालयसमक्ष निम्न मागहरु प्रस्तुत गर्दछ ।

- गत २०७२ सालदेखि शिक्षामन्त्रालयले एस.एल.सी परीक्षमा अंक प्रणालीको अन्त्य गर्दै ग्रेडिङ्ग प्रणालीको प्रारम्भ गरेको छ, जुन कुरा शिक्षाको गुणस्तरवृद्धिका लागि महत्वपूर्ण र स्वागतयोग्य निर्णय हो । साथै माध्यामिक शिक्षामा सुधारका लागि उच्च माध्यामिक शिक्षा परिषद्लाई खारेज गर्दै राष्ट्रिय परीक्षा बोर्ड र राष्ट्रिय शिक्षा परिषद्को निर्माण हुनु प्रशंसनीय कार्य हो । जसको प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक हार्दिक स्वागत गर्दछ । साथै आगामी दिनमा यी निकायले आफ्नो कार्यलाई प्रभावकारी बनाउँदै देशको मेरुदण्ड शिक्षाक्षेत्रलाई गुणस्तीय बनाउनमा महत्वपूर्ण भूमिका निर्वाह गरुन् हार्दिक शुभकामना समेत व्यक्त गर्दछौँ ।

- शिक्षामन्त्रालयले तयार गरेको कक्षा ११ र १२ को पठनपाठनका विषयका आधारमा विद्यार्थीलाई भर्ना गरी पढाउने क्रममा कतिपय विषय (कानुन, नीतिशास्त्र, पेन्टिङ्ग आदि) विषयको पाठ्यक्रमको अभाव देखिएको छ । जसको कारण विद्यार्थी भर्ना भएको महिनौं बितिसक्दा पनि विद्यार्थीले अध्ययन गर्न पाइरहेका छैनन् । अर्कोतर्फ विगतमा पाठ्यक्रम निर्माण गर्दै आइरहेको उच्च माध्यामिक शिक्षा परिषद् र आगामी पाठ्यक्रम निर्माणको दायित्व लिएको पाठ्यक्रम विकास केन्द्रको आपसी तालमेल नहुनाले पाठ्यक्रम निर्माण हुन सकिरहेको छैन । यस विषय प्रति गम्भीर बन्दै तुरुन्त कक्षा ११ र १२ को विषयहरुको आधारमा पाठ्यक्रम निर्माण गरी पठनपाठनको वातावरण निर्माणका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक शिक्षामन्त्रालयसमक्ष माग गर्दछ
- शिक्षामन्त्रालयले निर्माण गरेको ग्रेडिङ्ग प्रणाली अनुसार जि.पि.ए १.६ ल्याउने लाई पास भएको सर्टिफिकेट प्रदान गरिएको छ । तर उक्त विद्यार्थीले अध्ययनका लागि न्यूनतम अंग्रेजी विषयमा डि प्लस ल्याउनुपर्ने प्रावधानले विद्यार्थी कुनै पनि विषय पढ्नबाट बञ्चित भएको छ । एकतिर विद्यार्थीलाई पास भएको सर्टिफिकेट वितरण गर्ने अर्कातर्फ कक्षा ११ मा अध्ययनका लागि उसलाई अनुमति नदिने यो प्रावधानले विद्यार्थीमा झन निराशा र भ्रम पैदा गरेको छ । तसर्थ आगामी दिनमा यस प्रक्रियालाई पुनःमूल्यांकन गर्दै यस्ता त्रुटिलाई सच्याई व्यवस्थित र प्रभावकारी ग्रेडिङ्ग प्रणाली लागू गर्नका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक शिक्षामन्त्रालय समक्ष जोडदार माग गर्दछ ।
- शिक्षा मन्त्रालयले माध्यामिक तहसम्मका विद्यार्थीका लागि निःशुल्क शिक्षा दिने नीति निर्माण गरे पनि देशका प्रायः विद्यालयले आर्थिक फाइदाको लागि अंग्रेजीमाध्यमा विद्यार्थी भर्ना गरी चर्को शुल्क लिई विद्यार्थीलाई अध्यापन गराइरहेका प्रशस्तै उदाहरण देखिँदैछन् । एकातिर सरकारले निःशुल्क शिक्षाको नारा लगाइरहेको छ, अर्कातर्फ विद्यालयले विद्यार्थीबाट चर्कोशुल्क लिइरहेका छन् । जसप्रति प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक शिक्षामन्त्रालयको गम्भीर ध्यानाकर्षण गराउँदै त्यस्ता विद्यालयको छानविन गरी तुरुन्त

कारवाही गर्न र निःशुल्क शिक्षाको अवधारणालाई प्रभावकारी बनाउनका लागि शिक्षामन्त्रालयसमक्ष जोडदार माग गर्दछ ।

- देशमा कतिपय विद्यालयमा विद्यार्थीको संख्या अनुसारको शिक्षक दरबन्दी छैन र दरबन्दी भएता पनि शिक्षक नियुक्ति हुन सकिरहेको छैन जसले विद्यालय शिक्षा प्रभावकारी हुन सकिरहेको छैन । तसर्थ शिक्षामन्त्रालयले देशका सम्पूर्ण विद्यालयमा विद्यार्थी संख्याको आधारमा आवश्यक दरबन्दीको व्यवस्था गर्दै तुरुन्त शिक्षक नियुक्तिको प्रक्रियालाई अगाडि बढाउनका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सरकारसमक्ष जोडदार माग गर्दछ ।
- त्रि.वि.वि.ले विगत केही वर्षदेखि सञ्चालन गरिरहेको सेमेष्टर प्रणालीको निर्णय सही हुँदा हुँदै पनि वर्तमानमा त्यसको प्रभावकारिताको बारेमा भने प्रश्न चिह्न खडा भइरहेको छ । सेमेष्टर प्रणालीको लागूसँगै त्यसका केही बाध्यात्मकारी नियमको कारण विभिन्न विषय (भूगोल, पत्रकारिता, इतिहास, राजनीतिशास्त्र, समजशास्त्र लगायतका विषयमा निरन्तर विद्यार्थी संख्या घटिरहेको छ जसको पछाडि त्रि.वि.ले सेमेष्टर प्रणालीमा परीक्षाका लागि लागू गरेको अंग्रेजी भाषाको अनिवार्यता नै मूल कारण बनेको छ । तसर्थ त्रि.वि.ले सेमेष्टर प्रणालीमा लागू गरेको अंग्रेजी भाषाको अनिवार्यतालाई हटाई नेपाली वा अंग्रेजी कुनै एक भाषामा परीक्षा दिन पाउने नियम लागू गर्नका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समिति विश्वविद्यालयसमक्ष जोडदार माग गर्दछ ।
- त्रि.वि.वि.ले अध्यापन गराउँदै आएका विभिन्न विषय जस्तै संस्कृति (१८ विद्यार्थी), भूगोग (० विद्यार्थी), इतिहास (२ विद्यार्थी), भाषाविज्ञान (२ विद्यार्थी), राजनीतिशास्त्र(९ विद्यार्थी), नेपाली (१८ विद्यार्थी), जनसंख्या (१८ विद्यार्थी), मानवशास्त्र (२० विद्यार्थी) आदि मानविकी संकायका विषयमा विद्यार्थी संख्याको कमीका कारण ती विषय नै संकटमा परिहरेका छन् । जसको कारणले त्रि.वि.विले लागू गरेको सेमेष्टर प्रणाली नै संकटमा परिहरहेको छ । तसर्थ निरन्तरको विद्यार्थी संख्याको कमीलाई रोक्नका लागि त्रि.वि.ले महत्वपूर्ण विषयहरु भूगोल, इतिहास, संस्कृति, समाजशास्त्र लगायतका विषयलाई विशेष महत्व दिई त्यसको पठनपाठन र उपयोगिताको बारेमा जागरणमूलक कार्यक्रम गर्न, साथै ती विषय अध्ययन गर्ने विद्यार्थीका लागि विशेष छात्रवृत्तिको व्यवस्था गर्दै अध्ययनरत विद्यार्थीका लागि अनुसन्धानात्मक कार्यक्रम एवं गतिविधिको सिर्जना गर्न, निम्न माध्यामिक तहका पाठ्यक्रममा भूगोल, इतिहास, संस्कृति, राजनीतिशास्त्र लगायतका महत्वपूर्ण विषयलाई समावेश गर्न र यी महत्वपूर्ण विषय अध्यापनका लागि शिक्षकलाई आवश्यक प्रशिक्षणको व्यवस्था गर्नका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक विश्वविद्यालय समक्ष विशेष आग्रह गर्दछ ।
- नेपाली भाषा र साहित्यको प्रचार प्रसारका लागि छात्रवृत्ति कोटा वृद्धि गरी अध्ययन गर्ने वातावरण निर्माण गर्नु पर्नेमा त्रि.वि.वि.ले नेपाली भाषा र साहित्यको विकासका लागि नेपाल भन्दा बाहिरका प्रत्येक वर्ष ४ जना विद्यार्थीका लागि प्रदान गर्दै आइरहेको महेन्द्र छात्रवृत्ति बन्द गरिदिएको विषयप्रति प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको गम्भीर ध्यानाकर्षण भएको छ । त्रि.वि.वि.नेपाली विभागले तुरुन्त यस विषयप्रति गम्भीरता देखाई पुनः महेन्द्र छात्रवृत्तिमा संख्या वृद्धि गरी छात्रवृत्ति प्रदान गर्ने प्रक्रिया सञ्चालनका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक त्रिभुवन विश्वविद्यालयसमक्ष माग गर्दछ ।
- नेपालको शैक्षिक प्रक्रिया मध्ये चिकित्साशास्त्र र दन्तशास्त्रलाई लिएर पटक पटक डा. गोविन्द केसीको आन्दोलन चलिरहेको छ । सरकारद्वारा गठित माथेमा आयोगद्वारा तयार पारिएको प्रतिवेदनले देशको मेडिकल क्षेत्रलाई साँघुरो र सिमित बनाउने कार्य गरिरहेको छ । माथेमा प्रतिवेदनको पुनः अध्ययन गरी देशको चिकित्साक्षेत्रलाई साँघुरो बनाई त्यसक्षेत्रलाई निरुत्साहित गर्ने भन्दा पनि नेपालमा आवश्यक र प्रभावकारी नीति निर्माण गरी एम.वि.वि.एस. लगायतका मेडिकल विषयका लागि नेपाललाई एक आकर्षक केन्द्रको रुपमा अगाडि बढाउने नीति निर्माण गर्दै मेडिकल शिक्षाको लागि विदेश पलायन भइरहेका हजारौं नेपाली विद्यार्थी एवं विभिन्न देशबाट नेपाल अध्ययन गर्न आउन इच्छुक विद्यार्थीका लागि एक आकर्षक देशको रुपमा मेडिकल शिक्षालाई अगाडि बढाउनका लागि समेत प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल शिक्षामन्त्रालय समक्ष जोडदार माग गर्दछ ।
- वर्तमान समयमा देशको मेडिकल शिक्षामा विदेशी विद्यार्थीका लागि छुट्ट्याइएको सिट संख्यामा प्रायः मेडिकल कलेजहरुमा न्यून अवस्थामा मात्र विद्यार्थी भर्ना भइरहेका छन् । देशको त्रिभुवन र काठमाडौं विश्वविद्यालयले एम.वि.वि.एस.का लागि २४०० जना विद्यार्थी सहभागी भएको प्रवेश परीक्षामा जम्मा २८४ जना विद्यार्थीमात्र उत्तीर्ण गरिएको छ । जबकी दुवै विश्वविद्यालयका १७ मेडिकल कलेजका लागि करीब ७०० विदेशी विद्यार्थी भर्ना हुन सक्दछन् । जसको कारण मेडिकल शिक्षामा विदेशी विद्यार्थीका लागि छुट्याइएको संख्या प्रायः खाली अवस्थामा छ । जसले गर्दा मेडिकल कलेजहरुलाई मेडिकल शिक्षा सञ्चालनका लागि गम्भीर संकट पैदा भइरहेको छ । यसले गर्दा

दिनप्रतिदिन नेपालमा मेडिकल शिक्षाका लागि आउने विदेशी विद्यार्थीमा नेपालको मेडिकल शिक्षाप्रति अविश्वास र निराशा पैदा भइरहेको छ, साथै बाहिरी मुलुकहरुमा नेपालको नकारात्मक छवि निर्माण भइरहेको छ, जसको कारण राष्ट्रले ठुलो घाटा व्यहोर्नु पर्ने अवस्था सिर्जना भइरहेको छ । विदेशी विद्यार्थीलाई नेपालमा अध्ययनका लागि रोक्ने वातावरण सिर्जना गर्नुभन्दा प्रवेश परीक्षा, परीक्षा प्रणाली र शुल्क निर्धारण जस्ता विषयमा पारदर्शिता र प्रभावकारी व्यवस्था निर्माण गर्दै नेपाललाई मेडिकल शिक्षाको आकर्षक गन्तव्यको रुपमा अगाडि बढाउनु आवश्यक छ । साथै देशका प्रमुख केन्द्रमा मेडिकल कलेजको संख्या वृद्धि गरी विदेशी विद्यार्थीका लागि अध्ययन गर्ने वातावरण निर्माण गर्दै, नेपाली विद्यार्थीका लागि शुलभ मेडिकल शिक्षा र नागरिकका लागि निःशुल्क स्वास्थ्योपचारको अवस्था सिर्जना गर्नका लागि शिक्षा मन्त्रालयले गम्भीरता देखाउँदै आवश्यक नीति निर्माणका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समिति बैठक शिक्षामन्त्रालयको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

- केही समयदेखि नेपाली भाषा साहित्यको क्षेत्रमा देखिएको वर्णविन्यासको विवादको कारणले समग्र नेपाली भाषालाई नै कमजोर बनाउने प्रयास विभिन्न क्षेत्रबाट भइरहेको छ । विदेशी लगानी र स्वार्थका आधारमा केही विद्वान र संस्थाको प्रयासमा सञ्चालन गरिएको भाषा संशोधन एवं वर्णविन्यासको नियमप्रति प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्याकारिणी समिति बैठक घोर आपत्ति प्रकट गर्दछ । साथै देशको प्रज्ञा प्रतिष्ठान नेपाल जस्तो गरीमामय संस्थामार्फत् कुनै व्यक्तिको प्रभाव र दबाव एवं स्वार्थका कारण भाषा जस्तो संवेदनशील विषयमा विवादास्पद निर्णय गरिनुले समग्र नेपाली भाषाप्रेमीलाई नै चिन्तित तुल्याएको छ साथै नेपालको प्रज्ञा प्रतिष्ठान जस्तो गरीमामय संस्थाको गरीमा माथि नै प्रश्न चिह्न खडा गरेको छ । एकातिर केही विदेशी लगानीकर्ता र व्यक्तिको प्रभावमा आएर नेपालमा अंग्रेजी भाषा लाद्न र रोमन लिपिलाई लागू गर्ने सुनियोजित दीर्घकालीनक षड्यन्त्रको साथ वर्णविन्यासको ( हलन्तको प्रयोग, पद योग वियोग, ह्रस्व दीर्घको नियम, विभक्तिको प्रयोग जस्ता)  विदास्पद नियम निर्माण गर्ने र अर्कोतर्फ त्यसको चौतर्फी विरोध र बहस् खडा हुँदा पुनः त्यो नियमलाई खारेज गर्ने अपरिपक्व र गैरजिम्मेवारपूर्ण कदमको प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समिति बैठक घोर भर्त्सना गर्दछ । साथै नेपाली भाषामा उचित र आवश्यक परिमार्जन गरी सर्वस्वीकार्य र आवश्यक भाषा संशोधनका लागि नीति निर्माण गर्दै नेपाली भाषालाई जटिल र झन्झटिलो भन्दा पनि सरल र सरस बनाउनका लागि एक विज्ञ टोली (विभिन्न क्षेत्रका विद्वानको सहभागितामा) निर्माण गर्नका लागि समेत प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समिति बैठक नेपाल सरकारसमक्ष जोडदार माग गर्दछ । साथै ढिला नै भए पनि प्रज्ञा प्रतिष्ठान नेपालले आफ्नो गैरजिम्मेवारपूर्ण निर्णयप्रति गम्भीर बन्दै आफ्नो वर्णविन्यास संशोधन प्रति गरेको निर्णय फिर्ता लिएको प्रति प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल उक्त निर्णयको हार्दिक स्वागत गर्दछ ।

नेपाल आमाको-जय !